निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

प.सं. च.नं./Ref:

## प्रेस विज्ञप्ति

२०७३ चैत १८

### निर्वाचन र सुरक्षा विषयक प्रशिक्षण कार्यक्रम

चैत्र १८ । निर्वाचन आयोगले शुक्रबार स्थानीय तह निर्वाचन २०७४ का लागि निर्वाचन र सुरक्षा विषयक २ दिने प्रशिक्षण कार्यक्रम शुरु गरेको छ ।

कार्यक्रमको उद्घाटन गर्नुहुदै माननीय प्रमुख निर्वाचन आयुक्त डा.अयोधीप्रसाद यादवले स्वच्छ, स्वतन्त्र र भयरहित वातावरणमा तोकिएको मितिमै स्थानीय तहको निर्वाचन हुनेमा अब कुनै शङ्का नगर्न सबैमा आग्रह गर्नुभयो । उहाँले उम्मेदवार र आम मतदातालाई हुन सक्ने सुरक्षा चुनौती र जोखिम पहिचान गरी सुरक्षा व्यवस्था मिलाउन निर्देशन दिनुभयो ।

प्रमुख आयुक्त डा. यादवले भन्नुभयो, "सुरक्षा सबै नागरिकको आधारभूत आवश्यकता हो, निर्वाचनको कार्यक्रम सुरु भइसकेको हुँदा सबै सुरक्षा निकायले तत्काले कार्ययोजना बनाएर स्थानीय तहसम्म खटिन आवश्यक छ, सुरक्षा निकायबाट पनि निष्पक्ष, स्वतन्त्र र तटस्थ भएर कार्यसम्पादन होस् भने आयोग चाहन्छ ।"

माननीय निर्वाचन आयुक्त सुधीरकुमार शाहले धेरैभन्दा धेरै मतदाता कुनै पनि डर, धाक र धम्कीबीच नभई निर्भीकरुपमा मतदान गरेर घर फर्कन सकून् भन्दै उहाँले पेसागत दायित्व बहन गरी एकीकृत र निष्पक्ष ढङ्गबाट कर्तव्य निर्वाह गर्न सुरक्षाकर्मीलाई निर्देशन दिनुभयो ।

आयुक्त शाहले सार्वभौम र स्वतन्त्र स्थानीय तहको सरकार गठनको लागि निर्वाचन हुने भएकाले राजनीतिक दलबीच सामान्य मतभेद भए पनि अब निर्वाचन नरोकिने बताउनुभयो । एकै चरणमा हुन लागेको निर्वाचन तयारीको एउटा अङ्गको रुपमा निर्वाचन सुरक्षा विषयक प्रशिक्षण कार्यक्रम रहेको बताउँदै उहाँले भन्नुभयो झण्डै २० वर्षपछि स्थानीय तहको निर्वाचन हुँदैछ, निर्वाचन हुन सकेन भने संविधान कार्यान्वयन हुन सकेन भन्ने अर्थ लाग्न सक्दछ, त्यसैले पनि यो निर्वाचन हामी लोकतन्त्रमा विश्वास गर्नेका लागि जीवनमरणको प्रश्न हो ।

गृह मन्त्रालयका सहसचिव बालकृष्ण पन्थीले धेरै वर्षको अन्तरालमा हुन लागेको स्थानीय तहको निर्वाचनमा सहभागी र उम्मेदवार बढी हुने भएकाले सुरक्षाको विषय गम्भीर र विशेष महत्वको बनेको बताउनुभयो ।

उहाँले भन्नुभयो- निर्वाचनमा शान्ति सुव्यवस्था कायम गर्ने सन्दर्भमा सुरक्षा निकायबीच मेरो, हाम्रो र राष्ट्रको जिम्मेवारी हो भन्ने भावनाबाट जिम्मेवारी बहन हुनुपर्दछ, कस्तो सुरक्षा व्यवस्था र कस्तो सुरक्षा रणनीति भन्ने दृष्टिकोण र लक्ष्यको खाका मन्त्रालयले बनाइसकेको छ, सुरक्षाको कारणले निर्वाचन प्रभाव पर्न दिइने छैन ।

आयोगका सहायक प्रवक्ता सूर्यप्रसाद अर्यालले आयोग र सुरक्षा निकायबीचको सहकार्यबाट स्वच्छ, स्वतन्त्र र निष्पक्ष निर्वाचन गराउने लक्ष्यका साथ सुरक्षाकर्मीका लागि प्रशिक्षक प्रशिक्षण सञ्चालन गरिएको र यस कार्यक्रमबाट प्राप्त जानकारी आ आफ्नो निकायका तल्लो स्तरसम्म पुऱ्याउन सहजहुने जानकारी दिनुभयो ।

दुई दिनसम्म चल्ने प्रशिक्षणमा जम्मा ६० जना सहभागी छन् । त्यसमा नेपाली सेनाका १५, नेपाल प्रहरीका २०, सशस्त्र प्रहरीका १५ र राष्ट्रिय अनुसन्धान विभागका छ जना अधिकृत सहभागी हुनुहुन्छ । रक्षा मन्त्रालय र गृह मन्त्रालयका दुई/दुई जना अधिकृत पनि दुई दिने उक्त प्रशिक्षणमा सहभागी हुनुहुन्छ ।

(सूर्य प्रसाद शर्मा)
सहसचिव एवं प्रवक्ता

कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं. (९७७-१) ४२२८६६३ । फ्याक्स: (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-Mail: info@election.gov.np, Website: www.election.gov.np
"फोटो सहितको मतदाता नामावलीमा नाम दर्ता गरौं ।"